# एसएलसी परीक्षा
# विशिष्टीकरण तालिका, २०६५

इतिहास (ऐच्छिक प्रथम)

**परिचय**

विगतमा घटेका तथ्यपरक घटनाहरूको अध्ययन गरी त्यसबाट पाठ सिकेर आफ्नै दैनिक जीवनमा गल्ती नदोहोऱ्याउने र राम्रो कुराको अनुसरण गर्न सकून् भन्ने मुख्य उद्देश्य राखेर माध्यमिक तहमा इतिहासलाई ऐच्छिक विषयका रूपमा राखिएको छ । विद्यार्थीहरूले पाठ्यक्रमले निर्धारण गरेअनुसारको विषयवस्तु अध्ययन गरेर उद्देश्य प्राप्ति भयो भएन भन्ने कुराको मापन गर्नका लागि मूल्याङ्कन गर्नु जरुरी हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका विभिन्न उद्देश्यहरू प्राप्ति भयो भएन भनेर मापन गर्न पनि विभिन्न तह (ज्ञान, बोध, व्यावहारिक सीप, समस्या समाधान, प्रयोगात्मक क्षमता अभिवृत्ति आदि) का प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुपर्दछ ।

इतिहास तथ्यपरक घटनामा आधारित हुने हुँदा वास्तविक घटनाको जानकारी विद्यार्थीहरूलाई हुनुपर्ने हुनाले ज्ञान र बोध तहका प्रश्नहरू अन्य तहभन्दा केही बढी सोध्नुपर्ने व्यवस्था विशिष्टीकरण तालिकामा गरिएको छ । त्यसैगरी सिकेको ज्ञानलाई आफ्नो दैनिक व्यवहारमा ल्याउन सकेनसकेको मूल्याङ्कन गर्न केही प्रश्नहरू प्रयोग तथा उच्च दक्षता तहबाट सोधिने छ । इतिहासमा घटेका समस्यामूलक घटनाहरू खोजी गर्न र निश्चित समस्याहरू दिई समाधानका उपायहरू पत्ता लगाउने कुराको मूल्याङ्कन गर्न समस्या समाधानसम्बन्धी केही प्रश्नहरूसमेत सोध्ने व्यवस्था विशिष्टीकरण तालिकामा गरिएको छ । विगतमा घटेका महत्त्वपूर्ण घटनाहरूलाई समयरेखामा देखाउने, सङ्ख्यात्मक तथ्यलाई विभिन्न तालिका, ग्राफ, चार्ट आदिमा देखाउने, प्रतिवेदन तयार गर्ने सीपको मूल्याङ्कन गर्न प्रयोगात्मक तहका प्रश्नसमेत सोध्न सकिने प्रावधान रहेको छ ।

निश्चित समय, अङ्क, विषयको प्रकृति आदि कुराहरूलाई दृष्टिगत गरी यस विषयमा लामो उत्तर आउने, छोटो उत्तर आउने र अति छोटो उत्तर आउने प्रश्न गरी जम्मा तीन प्रकारका प्रश्नहरू सोध्न सकिने व्यवस्था गरिएको छ । प्रश्न निर्माणकर्ताले विशिष्टीकरण तालिकाको आधारमा मात्र सबै क्षेत्र र सिकाइका विभिन्न तहलाई समेत दृष्टिगत गरी प्रश्न तयार गर्नुपर्दछ । विशिष्टकरण तालिका र सोका आधारमा तयार गरिएको एक प्रति नमुना प्रश्न र उत्तरकुञ्जिका समेत दिइएको छ ।

# विशिष्टीकरण तालिका, २०६५

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ३२**

| एकाइ | पाठ्यवस्तु | ज्ञान र बोध (Knowledge and understanding) | | | उच्च दक्षता तथा प्रयोग (Higher ability and applying knowldge) | | | समस्या समाधान सीप (Problem solving) | | | प्रयोगात्मक क्षमता (Practical ability) | | | जम्मा प्रश्न सङ्ख्या | पाठ्य भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने | लामो उत्तर आउने | | |
| | **नेपालको इतिहास** | | | | | | | | | | | | | | |
| १. | उत्तरमध्यकालीन नेपाल | | | | १ | | | | | | | १ | | २ | १२ |
| २. | नेपाल-अङ्ग्रेज युद्ध | | | | | | | १ | | १ | | | | २ | १२ |
| ३. | राणाशासनको उत्थान र पतन | | १ | | | | १ | | १ | | | | | ३ | २५ |
| ४. | नेपालमा राजनीतिक अन्योल | १ | | | | १ | | | | | | | | २ | १० |
| ५. | निर्दलीय शासन व्यवस्था | | १ | | | | १ | १ | | | | | | ३ | २० |
| ६. | प्रजातन्त्रको पुनः स्थापना र लोकतान्त्रिक अभ्यास | | १ | | १ | | | | | | | | | २ | १० |
| | **विश्वको इतिहास** | | | | | | | | | | | | | | |
| ७. | ग्रिस र रोमको सभ्यता | | १ | | | १ | | | | | १ | | | ३ | १५ |
| ८. | फ्रान्सको राज्यक्रान्ति, सन् १७८९ | | १ | | | | | १ | | | | | | २ | ८ |
| ९. | रुसी क्रान्ति, सन् १९१७ | १ | | | | १ | | | | | | | | २ | ८ |
| १०. | प्रथम तथा द्वितीय विश्व युद्ध | १ | | | | | | | १ | | | | | २ | १० |
| ११. | संयुक्त राष्ट्र सङ्घ | १ | | | | १ | | | | | | | | २ | १० |
| १२. | ऐतिहासिक खोज | | | | | | | | | | | | १ | १ | १० |
| | जम्मा | ४ | ५ | | २ | ४ | २ | ३ | २ | १ | १ | १ | १ | २६ | १५० |

**एकाइ १२ बाट सोधिने प्रश्न अनिवार्य हुने छ ।**

| प्रश्नका किसिम | सोधिने प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | जम्मा अङ्क भार | समय विभाजन |
|---|---|---|---|---|
| अति छोटो उत्तर आउने प्रश्न | १० | १० | १० प्रश्न X १ अङ्क = १० अङ्क | १० X१.८ = १८ मिनेट |
| छोटो उत्तर आउने प्रश्न | १२ | १२ | १२ प्रश्न X ५ अङ्क = ६० अङ्क | १२ X ९ = १०८ मिनेट |
| लामो उत्तर आउने प्रश्न | ४ | ३ | ३ प्रश्न X १० अङ्क = ३० अङ्क | ३ X१८ = ५४ मिनेट |
| जम्मा | २६ | २५ | १०० अङ्क | ३ घण्टा |

## नमुना प्रश्नपत्र

विद्यार्थीले उत्तर दिँदा पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नै शैली र ढङ्गमा मौलिक र सिर्जनात्मक उत्तर दिनुपर्ने छ र अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन दिइने छ ।

समय : ३ घण्टा पूर्णाङ्क : १००

उत्तीर्णाङ्क : ३२

**(क) तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : (१ x१० =१०)**

**Write very short answers to the following questions:**

१. काठमाडौँ उपत्यकामा तिब्बतका लागि मुद्रा टकमरी हुनुको कारण दिनुहोस् ।
Give the cause of minting coins for Tibet in Kathmandu Valley.

२. नेपाल - अङ्ग्रेज युद्ध हुनुको तत्कालीन कारण के थियो ?
What was the immediate cause of the Anglo-Nepal war?

३. भद्र अवज्ञा आन्दोलनको मुख्य उद्देश्य के थियो ?
What was the main objective of the non obedience movement?

४. नेपालमा जातिपाती भेदभावको अन्त्य कानुनी रूपमा कुन कानुनले गऱ्यो ?
Which law ended the discrimination of caste in Nepal?

५. वि.सं. २०६२/६३ को जनआन्दोलन सफल हुनुको मुख्य आधार केलाई मानिन्छ ?
What is the main base for the success of the people's movement of 2062- 063?

६. फ्रान्सको राज्यक्रान्तिको कुनै एक परिणाम लेख्नुहोस् ।
Write any one consequence of the French Revolution.

७. रुसमा जारशासनको अन्त्य कहिले भएको हो ?
When did the rule of Tsar in Russia come to an end?

८. कुन घटनाबाट द्वितीय विश्वयुद्ध सुरु भयो ? Which event triggered the Second World War?

९. संयुक्त राष्ट्र सङ्घको स्थापना कहिले भएको हो ? When was the UN established?

१०. रोमस र रोमुलस कुन सहरसँग सम्बन्धित छन् ? To which town are Romus and Romulus related?

**(ख) तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् : (५ x१२ = ६०)**

**Write short answers to the following questions:**

११. पूर्वका सेन राज्यको नाम लेखी स्थापना, घरधुरी र नेपालमा एकीकृत भएको समय तालिकामा देखाउनुहोस् ।
Make a list of Eastern Sen States and present their establish date, households and the date they unifed to Nepal in a table.

१२. राणाशासन पतन हुनुका कुनै पाँच कारणहरूको उल्लेख गरी कुनै एकको छोटकरीमा वर्णन गर्नुहोस् ।
Mention any five causes of the downfall of the Rana regime in Nepal and describe one of them.

१३. राणाकालीन नेपालमा शिक्षाको विकासबारे छोटकरीमा लेख्नुहोस् ।
Write short note on educational development during the Rana regime.

१४. वि.सं. २००७ देखि वि.सं. २०१७ सालसम्म भएका मुख्यमुख्य पाँचओटा राजनीतिक घटनाहरूको विवरण तयार पार्नुहोस् ।
Write the main five political events from 2007 to 2017 BS in Nepal.

१५. पञ्चायतकालीन राजनीतिक पक्षका पाँच महत्त्वपूर्ण बुँदा उल्लेख गर्नुहोस् ।

Write five main points of Panchayat Political system.

१६. वि.सं. २०४६ को जनआन्दोलनका परिणामहरू लेख्नुहोस् ।

Write the consequences of the movement of 2046 BS.

१७. रोमको सभ्यताको आरम्भ कसरी भयो ? लेख्नुहोस् ।

How was the Roman civilization started?

१८. "प्रजातन्त्रको जन्मस्थल युनान हो" भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

"The birth place of democracy is Greece." Justify.

१९. फ्रान्सेली राज्यक्रान्ति हुनुको राजनीतिक कारण के थियो ? उल्लेख गर्नुहोस् ।

What was the political cause of the Franch Revolution?

२०. रुसी क्रान्तिका पाँचओटा परिणामहरू उल्लेख गर्नुहोस् ।

Mention the five consequences of the Russian Revolution.

२१. प्रथम र द्वितीय विश्वयुद्धले ल्याएका परिणामहरूको आधारमा आगामी दिनमा विश्वलाई युद्धको विभीषिकाबाट जोगाउन के गर्नुपर्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

On the basis of the results of the First and Second World War, what should be done to protect the modern world from the scourge of the war in future? Present your argument.

२२. संयुक्त राष्ट्र सङ्घले विश्वमा शान्ति स्थापनाका लागि खेलेको भूमिकाको चर्चा गर्नुहोस् ।

Explain the role of UN in meantaining peace in the world.

**(ग) तलका कुनै तीन प्रश्नको लामो (विश्लेषणात्मक) उत्तर दिनुहोस् : (प्र. नं.२६ अनिवार्य छ ।) (१०x३= ३०)**

**Write long answers (Analytical) to any three of the following: (Question no 4 is compulsory. (10x3=30)**

२३. वैदेसिक प्रभाव र देशमा विकसित जनचेतनाको लहरले राणाशासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्न कसरी सहयोग पुऱ्याएको थियो ? विवेचना गर्नुहोस् ।

How did the role of native wave of people's awakening and the foreign impact in abolishing the Rana regime to establish democracy? Discuss.

२४. नेपाल अङ्ग्रेजबीच भएको सुगौली सन्धिले नेपालको राज्य विस्तारमा केकस्तो प्रभाव पाऱ्यो ? उल्लेख गर्नुहोस् ।

Mention the impact of the treaty of Sugauli in the expansion policy of Nepal?

२५. नेपालमा पञ्चायती व्यवस्था के कति कारणले गर्दा समाप्त हुन पुग्यो ? वर्णन गर्नुहोस् ।

Write down the causes of the end of Panchayat system.

२६. तपाईंको समुदायमा रहेका ऐतिहासिक, पुरातात्त्विक महत्त्वका स्थलहरूको भ्रमणबाट प्राप्त विवरणहरूलाई निम्नलिखित उपशीर्षकको आधारमा प्रतिवेदन तयार गर्नुहोस् :

Prepare a report of your visit to the historical and cultural sites of your community on the basis of the following points.

(क) शीर्षक (Title of the site)

(ख) उद्देश्य (Objectives of the visit)

(ग) विधि (Method of study)

(घ) पत्ता लगाइएका तथ्यहरू (Fact findings)

(ङ) निष्कर्ष/सुझाव (Conclusions/suggestions)

## उत्तरपुस्तिका परीक्षण कुञ्जिका

**(क) अति छोटो उत्तर आउने प्रश्न**

१. काठमाडौँ उपत्यकामा तिब्बतका लागि मुद्रा टकमरी गर्नुको मुख्य कारण व्यापार भनी लेखेमा - १ अङ्क

२. तत्कालीन कारणमा सीमा विवाद भनी लेखेमा - १ अङ्क

३. भद्र अवज्ञा आन्दोलनको मुख्य उद्देश्य छ महिनाभित्र आम चुनाव गराउनु थियो भनी लेखेमा - १ अङ्क

४. जातिपातीको भेदभावको अन्त्य २०२० सालको मुलुकी ऐनले गरेको थियो भनी लेखेमा - १ अङ्क

५. वि.सं. २०६२/०६३ को जनआन्दोलन सफल हुनुको मुख्य आधार सात राजनीतिक दल र माओवादीबीच भएको १२ बुँदे सम्झौता भनी लेखेमा - १ अङ्क

६. फ्रान्सको राज्यक्रान्तिको परिणामका रूपमा सामन्ती प्रथाको अन्त्य, नागरिक एवम् मौलिक अधिकारको घोषणा, राष्ट्रियताको भावनाको विकासमध्ये कुनै एक कारण लेखेमा - १ अङ्क

७. रूसमा जार शासनको अन्त्य सन् १९१७ मा भएको थियो भनी लेखेमा - १ अङ्क

८. दोस्रो विश्व युद्ध सुरुआत भर्सेलिजको सन्धिको विरोधमा जर्मनीले पोल्यान्डमाथि आक्रमण गरेर भएको थियो भनी लेखेमा - १ अङ्क

९. सन् १९४५ संयुक्त राष्ट्र सङ्घको स्थापना भएको थियो भनी लेखेमा - १ अङ्क

१०. रोम नगरको निर्माणसँग सम्बन्धित थिए भनी लेखेमा - १ अङ्क

**(ख) छोटो उत्तर आउने प्रश्न**

११. पूर्वका सेन राज्य मकवानपुर, चौदन्डी र विजयपुर भनी लेखेमा एवम् निम्नानुसार वर्णन गरेमा : - ५ अङ्क

| राज्य | स्थापना | घरधुरी | नेपालमा एकीकृत भएको समय |
|---|---|---|---|
| मकवानपुर | वि.सं. १६१० | १२००० | वि.सं. १८१९ |
| चौदन्डी | वि.सं. १७१९ | १३००० | वि.सं १८३० |
| विजयपुर | वि.सं. १६४१ | १२००० | वि.सं. १८३१ |

१२. राणाशासन पतन हुनुमा सामाजिक कारण, आर्थिक कारण, राजनीतिक कारण, बैदेसिक प्रभाव जनचेतनाको विकास भनी बुँदा मात्र लेखेमा - २.५ अङ्क

यी कारणहरूको छोटकरीमा बयान गरेमा २.५ गरी जम्मा - ५ अङ्क

१३. राणाकालमा शिक्षाको विकास निकै सुस्त गति र बाध्यात्मक अवस्थामा भएको थियो भनी सङ्क्षेपमा बयान गरेमा - ५ अङ्क

१४. २००७ देखि २०१७ सालसम्म घटेका घटनाहरू, अन्तरिम शासन विधानको घोषणा, सल्लाहकार समितिको स्थापना विभिन्न समयमा मन्त्रिमण्डलको गठन, विघटन, २०१४ सालको भद्र अवज्ञा आन्दोलन, २०१५ सालको आमनिर्वाचन २०१७ सालको निर्वाचित सरकार अपदस्थ आदि लेखेमा - ५ अङ्क

१५. निम्नलिखित बुँदा उल्लेख गरेमा प्रत्येकको १ अङ्कका दरले ५ अङ्क दिने

- गाउँफर्क राष्ट्रिय अभियान
- विकासका निम्ति राजनीति
- सबै नेपाली पञ्च सबै पञ्च नेपाली
- राष्ट्रिय मेलमिलाप
- जनमत सङ्ग्रह

१६. वि.सं. २०४६ सालको जनआन्दोलनका परिणामहरू बहुदलीय व्यवस्थाको स्थापना, संवैधानिक राजतन्त्रको अभ्यास, जनतामा निहित सार्वभौम सत्ता जस्ता बुँदाहरू समावेश गरी छोटकरी बयान गरेमा - ५ अङ्क

१७. रोम सभ्यताको आरम्भ टाइवर नदीको किनारमा सात गाउँ सङ्गठनहरू मिलेर भएको थियो भनी वर्णन गरेमा - ५ अङ्क

१८. प्रजातन्त्रको जन्म प्राचीन युनानबाट भएको थियो । त्यसवेला साना साना नगर राज्यहरूमा प्रजातन्त्र थियो । यो शब्द प्राचीन युनानहरूले प्रयोग गर्ने शब्द Demos बाट भएको थियो । यस्तै कुराहरू समावेश गरी लेखेमा - ५ अङ्क

१९. फ्रान्सको राज्यक्रान्तिको राजनीतिक कारणहरू सङ्क्षेपमा लेखेमा - ५ अङ्क

२०. रुसी क्रान्तिको निम्नलिखित पाँचओटा घटनाहरू (जापानसँग युद्ध हार्नु, औद्योगिक क्रान्ति, विश्वयुद्धमा भाग लिनु, जारको अत्याचार हुनु, जनचेतनाको विकास) उल्लेख गरी सङ्क्षिप्त वर्णन गरेमा - ५ अङ्क

२१. विश्वयुद्धबाट बचाउन सक्ने उपायहरू उल्लेख गरेमा - ५ अङ्क

२२. संयुक्त राष्ट्र सङ्घले विश्वमा शान्ति कायम गर्न शान्ति सेना पठाएर, विभिन्न किसिमको दबाब दिएर जस्ता कुरा उल्लेख गरी संयुक्त राष्ट्र सङ्घले नेपालमा शान्ति स्थापनाका लागि खेलेको भूमिका समेत उल्लेख गरेमा - ५ अङ्क

**(ग) लामो उत्तर आउने प्रश्न**

२३. (क) बैदेसिक प्रभावको बयान गरेमा - ५ अङ्क

(ख) जनचेतनासम्बन्धी लहरको बयान गरेमा - ५ अङ्क

२४. (क) सुगौली सन्धिको निम्नलिखित परिणाम लेखेमा - ५ अङ्क

(महाकाली नदी पारीका क्षेत्रहरू छोड्नपर्ने, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर छोड्नपर्ने, मेची पूर्वको क्षेत्रहरू छोड्नपर्ने, ब्रिटिस राजदूतावास राख्नुपर्ने)

(ख) राज्य विस्तारमा प्रभाव पारेका कुराहरू लेखेमा - ५ अङ्क

२५. (क) पञ्चायत व्यवस्था समाप्त हुनाका निम्नलिखित कारणहरू लेखेमा - ५ अङ्क

(निरङ्कुशता, वीरेन्द्रको उदार नीति, पञ्चहरूको भ्रष्ट नीति, आर्थिक भ्रष्टाचार, राजा र पञ्चबीच अविश्वास लेखेमा)

(ख) यी बुँदाहरूका बयान गरेमा - ५ अङ्क

२६. निम्नलिखित उप शीर्षकहरूलाई आधार मानी प्रतिवेदन तयार गरेमा

(क) शीर्षक - १ अङ्क

(ख) उद्देश्य - २ अङ्क

(ग) विधि - २ अङ्क

(घ) पत्ता लगाइएका कुराहरू - ३ अङ्क

(ङ) निष्कर्ष/सुझाव - २ अङ्क